महादेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बथनाहा, सप्तरी

मधेश प्रदेश, नेपाल

# शिक्षक दरवन्दी मिलान तथा सरुवा/पदस्थापना कार्यविधि : २०८१

## शिक्षक दरवन्दी मिलान तथा सरुवा/पदस्थापन कार्यविधि-२०८१

**प्रस्तावना :-**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर र शिक्षा विकास तथा समन्वय इकाइ, सप्तरी बाट प्राप्त प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको यस महादेवा गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा उपलब्ध स्वीकृत दरवन्दी र राहत अनुदानको आधार मानी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि - २०७६, शिक्षा ऐन, २०२८ को दफा ११ को (५) (च) तथा शिक्षा नियमावली, २०५९ को नियम, ९२ को अनुसूची - १२ बमोजिम महादेवा गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको सबै तहको दरवन्दी मिलान तथा सरुवा पदस्थापन गरी शिक्षक व्यवस्थापन तथा कार्यान्वयन गर्न बाञ्छानीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो शिक्षक दरवन्दी मिलान तथा सरुवा/पदस्थापन कार्यविधि, २०८१ निर्माण गरिएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम दरवन्दी मिलान तथा सरुवा पदस्थापन कार्यविधि-२०८१ रहेको छ ।

१.२ यो कार्यविधि महादेवा गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

२.१ "गाउँपालिका" भन्नाले महादेवा गाउँपालिका सप्तरी बुझ्नु पर्नेछ ।

प्रशासकिय अधिकृत

२.२ "अध्यक्ष" भन्नाले महादेवा गाउँपालिकाको अध्यक्ष बुझ्नु पर्दछ ।

२.३ "उपाध्यक्ष" भन्नाले महादेवा गाउँपालिकाको उपाध्यक्ष बुझ्नु पर्दछ ।

२.४ "कार्यपालिका" भन्नाले महादेवा गाउँपालिकाको कार्यपालिका बुझ्नु पर्दछ ।

२.५ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महादेवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत बुझ्नु पर्दछ ।

२.६ "गाउँ शिक्षा समिति" भन्नाले महादेवा गाउँपालिकाको गाउँ शिक्षा समिति बुझ्नु पर्दछ ।

२.७ "दरवन्दी" भन्नाले सामुदायिक विद्यालयमा प्राप्त भएको स्वीकृत दरवन्दी बुझ्नु पर्दछ र सो शब्दले राहत, अनुदान कोटा समेत जनाउँछ ।

२.८ "दरवन्दी मिलान" भन्नाले स्वीकृत दरवन्दीमा रहेका स्थायी, अस्थायी, करार, राहत, अनुदान कोटाका शिक्षक तथा अन्य प्रचलित तलव स्केल अनुसारको तलव भत्ता पाउने शिक्षक बुझ्नु पर्दछ ।

२.९ "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (**संशोधन सहित**) बुझ्नु पर्दछ ।

२.१० "नियमावली" भन्नाले महादेवा गाउँपालिका शिक्षा नियमावली, २०७५ तथा शिक्षा नियामावली २०५९ (संशोधन) सहित बुझ्नु पर्दछ ।

२.११ "तह" भन्नाले विद्यालयका सबै तह बुझ्नु पर्दछ ।

२.१२ **"सामुदायिक विद्यलाय"** सामुदायको पहलमा स्थापना गरिएका मुनाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान प्राप्त गरी अनुमति तथा स्वीकृत प्राप्त विद्यालय बुझ्नु पर्दछ ।

२.१३ "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिका भित्रका स्थनिय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा ऐन, नियमावली बमोजिम तोकिएको कार्य गर्नेलाई **शिक्षा प्रमुख** बुझ्नु पर्दछ ।

२.१४ "शिक्षक" भन्नाले विद्यालयका अध्यापक सम्झनु पर्दछ र सो भित्र प्रधानाध्यापक समेत बुझ्नु पर्दछ ।

२.१५ "सरुवा/पदस्थापना" भन्नाले महादेवा गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा सरुवा हुने बुझ्नु पर्दछ ।

२.१६ "विद्यालय समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने वा तह वा कक्षा घटाउने बुझ्नु पर्दछ ।

Sunil

प्रमुख प्रशासकीय अधिकृत

२.१७ "विद्यालय व्यवस्थापन समिति" भन्नाले महादेवा गाउँपालिका भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई बुझ्नु पर्दछ ।

२.१८ "विद्यालय कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी र कार्यालय सहयोगी बुझ्नु पर्दछ ।

२.१९ "शैक्षिक सत्र" भन्नाले नेपाल सरकारले तोके बमोजिम विद्यालयमा अध्ययन अध्यापन गराउने बार्षिक अवधि बुझ्नु पर्दछ ।

२.२० "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले प्रत्येक विद्यालयमा भएका बालविकास शिक्षक केन्द्र बुझ्नु पर्दछ ।

२.२१ "बालविकास शिक्षक" भन्नाले प्रत्येक विद्यालयमा भएका बालविकास केन्द्रमा कार्यरत शिक्षक बुझ्नु पर्दछ ।

## परिच्छेद - २

## दरवन्दी मिलान सम्बन्धी व्यवस्था

**३.शिक्षक दरवन्दी मिलान** :- विद्यालय अन्तर्गत आवश्यक शिक्षक दरवन्दी व्यवस्थापन गर्दा लिइने आधारहरु ।

३.१. कक्षा १ - ३ सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा जतिसुकै न्यून विधार्थी संख्या रहेता पनि न्युनतम २ (दुई) वटासम्म (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) दरवन्दी कायम गर्ने,

३.२ खण्ड ३.१ बमोजिमको विद्यालयमा ६० (साठी) जना विधार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ (तीन) जना शिक्षकको दरवन्दी कायम रहेको भए ३ (तीन) जना शिक्षकको दरवन्दी कायम गर्ने तर त्यस्तोमा १५० (एक सय पचास) जना विधार्थी संख्या नपुगेसम्म थप दरवन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने र सो भन्दा माथि विधार्थी संख्या भएमा स्वीकृत दरवन्दी (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.३. कक्षा १–५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विधार्थी संख्या भए पनि न्यूनतम ३ (तीन) जना शिक्षकको स्वीकृत दरवन्दी (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने,

३.४. खण्ड ३.३ बमोजिमको विद्यालयमा विधार्थी संख्या १२० देखि १४९ सम्म भएमा ४ (चार) जना शिक्षक कार्यरत रहेको (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) अवस्थामा ४ (चार) जना शिक्षक दरवन्दी कायम गर्ने,

३.५ खण्ड ३.३ बमोजिमको विद्यालयमा विधार्थी संख्या १५० जना वा सो भन्दा बढी विधार्थी संख्या भएको खण्डमा त्यस विद्यालयमा ५ जनासम्म दरवन्दी रहेको भए ५ जना शिक्षक दरवन्दी कायम गर्ने, तर त्यस्तो विद्यालयमा २५० जना भन्दा बढी विधार्थी संख्या नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी दरवन्दी कायम नगर्ने र सो भन्दा माथि विधार्थी संख्या भएमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूची १२ बमोजिमको शिक्षक विधार्थीको अनुपातमा दरवन्दी कायम गर्ने,

३.६ कक्षा १ - ८ सञ्चालन भएका सामुदायिक विद्यालयमा न्युनतम ७ (सात) जना (प्रा.वि ४ जना र नि.मा.वि. ३ जना) स्वीकृत दरवन्दी (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.७ खण्ड ३.६ बमोजिमको विद्यालयमा २४० जना वा सो भन्दा बढी विधार्थी संख्या भएकोमा ८ (आठ) जना (प्रा.वि ५ जना र नि.मा.वि. ३ जना) दरवन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने, स्वीकृत दरवन्दी वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्दा शिक्षा नियमावली, २०५९, (संशोधन सहित) को अनुसूची १२ बमोजिमको शिक्षक विधार्थीको अनुपातमा दरवन्दी कायम गर्ने र ४०० जना भन्दा बढी विधार्थी संख्या नपुगुञ्जेलसम्म थप स्वीकृत दरवन्दी (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम नगर्ने ।

३.८ कक्षा ९ – १० सञ्चालन भएका सामुदायिक विद्यालयमा ५ वटासम्म (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने र सो भन्दा बढी शिक्षक दरवन्दी संख्या थप वा घट गर्नु पर्दा विधार्थी संख्याको आधारमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को अनुसूची - १२ अनुसार गर्ने ।

३.९ कक्षा ९ – १२ सञ्चालन भएका सामुदायिक विद्यालयमा ८ (५ जोड ३) जना शिक्षक स्वीकृत दरवन्दी (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने।

३.१० खण्ड ३.९ बमोजिमको भन्दा बढी शिक्षक स्वीकृत दरवन्दी (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) थप गर्नु पर्दा उच्च माध्यमिक शिक्षक दरवन्दी थप्नको लागि तयार भएको निर्देशिका अनुसार जिल्लामा प्राप्त कोटाको आधारमा गर्ने ।

३.११ कक्षा १ - १० सञ्चालन भएका सामुदायिक विद्यालयमा जति न्यून विधार्थी भए पनि न्युनतम ११ (प्रा.वि.- ५, नि.मा.वि.- ३ र मा.वि.- ३ जना) दरवन्दी स्वीकृत (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

Sunil

कमा

३.१२ खण्ड ३.११ बमोजिम भन्दा बढी दरवन्दी थप गर्नु पर्दा ६०० भन्दा बढी विधार्थी संख्या नपुग्दासम्म तहगत दरवन्दी नथप्ने र सो भन्दा बढी थप्नु पर्दा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को अनुसूची १२ बमोजिमको शिक्षक विधार्थीसंख्याको अनुपातमा दरवन्दी कायम गर्ने ।

३.१३ कक्षा १ - १२ सञ्चालन भएका सामुदयिक विद्यालयमा १२ जना (प्रा.वि.- ६, नि.मा.वि.- ३ मा.वि.- ३) स्वीकृत दरवन्दी (वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.१४ खण्ड ३.१३ बमोजिम भन्दा बढी शिक्षक दरवन्दी थप गर्नु पर्दा गाउँपालिकामा उपलब्ध जुन तहको दरवन्दी वा योग्यता पुगेका जुनसुकै तहका शिक्षक थप गर्न सकिन्छ ।

३.१५ कुनै पनि माध्यमिक तह सञ्चालन भएका विद्यालयमा प्राथमिक तथा निम्न माध्यमिक तहको दरवन्दी मात्र भएमा वा माध्यमिक तहमा १ वा २ वटा मात्र दरवन्दी भएको विद्यालयमा गाउँपालिका स्तरमा प्राथमिक दरवन्दी बढी भएको खण्डमा प्राथमिक तहमा कार्यरत शिक्षकहरु मध्ये योग्यता पुगेका शिक्षकलाई त्यस्तो माध्यमिक विद्यालयमा आवश्यक्ता अनुसार प्राथमिक तहको दरवन्दी थप गर्री शिक्षक व्यवस्थापन गर्ने ।

३.१६ खण्ड ३.१५ बमोजिम बाल विकास शिक्षक, प्राथमिक शिक्षक र निम्न माध्यमिक शिक्षक माथिल्लो तह वा कक्षामा अध्यापन गर्ने शिक्षकहरुलाई गाउँपालिकाबाट प्रोत्साहन स्वरुप तहगत रुपमा सुविधा दिने ।

३.१७ गाउँपालिका स्तरमा सञ्चालित माध्यमिक तहका विद्यालयहरुमा कम्तिमा १ जना माध्यमिक स्थायी शिक्षक वा निम्न माध्यमिक स्थायी शिक्षक तथा सबै प्रकारका सामुदायिक विद्यालयहरुमा कम्तीमा १ जना स्थायी शिक्षक व्यवस्थापन गर्ने ।

३.१८ बालविकास केन्द्र कायम गर्दा गाउँपालिका भित्रका सम्पूर्ण विधार्थी संख्याको अनुपातमा बालविकास केन्द्र कायम गर्ने ।

३.१९ खण्ड ३.१८ बमोजिम केन्द्र कायम भए पछि कार्यरत बाल शिक्षकहरुलाई कायम भएको विद्यालय वा पायक पर्ने विद्यालयमा केन्द्र कायम गरि सरुवा/पदस्थापना गर्ने ।

३.२० विद्यालय कर्मचारी र कार्यालय सहयोगी हरुको कार्यसम्पादन तथा आवश्यक्ताको आधारमा सरुवा/पदस्थापना गर्ने ।

३.२१ दरवन्दी मिलान कार्य अवधिमा शिक्षा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक दरवन्दी सम्बन्धी कुनै निति, नियम, निर्देशन वा कार्यविधि जारी भएमा सोही अनुसार गर्ने गराउने ।

... शिक्षा अधिकृत

## परिच्छेद - ३

## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

**४ विद्यालय समायोजन सम्बन्धी व्यवस्था** :-विद्यालयका तह/कक्षा समायोजनका आधारहरु ।

४.१ कक्षा १–३ सञ्चालन भएको विद्यालयमा विद्यार्थी संख्या न्यूनतम ३० जना र १-५ सञ्चालित विद्यालयमा न्युनतम विधार्थी संख्या ५० जना भन्दा कम विधार्थी संख्या भएमा विद्यालय समायोजन तथा कक्षा घटुवा गर्न सकिने छ ।

४.२ सेवा क्षेत्र भित्र नजिक (हिडेर ३० मिनेट भन्दा कम) अर्को सामुदायिक विद्यायलय सञ्चालनमा रहेको भएमा ।

४.३ दुई वा सो भन्दा बढी विद्यालयले संयुक्त रुपमा वा समायोजन हुन चाहेको विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित समायोजनका लागि संयुक्त वा समायोजन हुने विद्यालयले निवेदन दिएमा ।

४.४ विद्यार्थी संख्या, शिक्षक संख्या, सञ्चालित कक्षा, भौगोलिकता र उपलब्ध स्रोत साधन समेतको आधारमा माथिल्लो कक्षा संचालन गर्न नसकिने अवस्था भएमा ।

४.५ विद्यालय अनुगमनका क्रममा विद्यालयको शैक्षिक गतिविधि संन्तोषजनक नदेखिएमा ।

४.६ विद्यालयको शैक्षिक गुणस्तर संन्तोष जनक नदेखिएमा ।

४.७ विद्यालय समायोजन, कक्षा तथा तह घटुवा गर्दा विद्यालयमा पठनपाठनको गुणस्तर अभिबृद्धि हुने अवस्था नभएमा शिक्षक व्यवस्थापन, विद्यालयका स्रोत साधनको व्यवस्थापन र उचित प्रयोग नहुने देखिएमा ।

**५. विद्यालय समायोजनको व्यवस्थापन सम्बन्धी व्यवस्था :-**

५.१ दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन भएमा समायोजन पश्चात उक्त विद्यालयको भौतिक पूवाधार लगायतका अन्य स्रोत साधनको संरक्षण गर्ने मुख्य जिम्मेवारी गाभिएको विद्यालय, वडा कार्यालय र गाउँपालिकाको हुनेछ र सम्बन्धी थप व्यवस्थापन प्रचलित कानून बमोजिम हुनेछ ।

५.२ दुई वा दुई भन्दा बढी विद्यालय समायोजन भएमा वा विद्यालयका तह वा कक्षा घटुवा भएमा विद्यालयमा कार्यरत शिक्षक स्वीकृत दरवन्दी वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको विद्यालय कर्मचारी, बालविकास शिक्षक, शिक्षक र प्रधानाध्यापकहरुलाई समायोजन भएका विद्यालय वा गाउँपालिका भित्रका विद्यालयमा दरवन्दी सहित पदस्थापना गर्ने ।

... अधिकृत

५.३ समायोजन हुने विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक सत्र सम्बन्धी कुनै असर नपर्ने गरि कक्षा सञ्चालन हुनेछ ।

## परिच्छेद - ४

## सरुवा पदस्थापना सम्बन्धी व्यवस्था

६. **सरुवा पदस्थापना सम्बन्धी व्यवस्था** :- विद्यालयमा कार्यरत शिक्षकहरुको सरुवा/पदस्थापना गर्दा लिइने आधारहरु :

६.१ अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति तथा सरुवा गर्न आवश्यक देखिएमा सरुवा पदस्थापन गर्न सकिने छ ।

६.२ प्राथमिक तहमा कार्यरत शिक्षकको योग्यता स्नातक वा स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई माध्यमिक तहको विद्यालयमा विषयगतको आधारमा खटाउने तथा सरुवा/पदस्थापना गर्ने ।

६.३ दरबन्दी मिलान कार्य सम्पन्न नहुञ्जेलसम्म रिक्त पदमा नियुक्ति, सरुवा/पदस्थापना नगर्ने ।

६.४ दरबन्दी नभएको विद्यालयमा सरुवा गर्दा दरबन्दी सहित सरुवा पदस्थापन गर्ने ।

६.५ शिक्षक दरबन्दी कटौती, थप र सरुवा गर्दा गाउँपालिका भित्र रहेका जुनसुकै विद्यालयहरुमा सरुवा गर्न सकिनेछ ।

६.६ दरबन्दी मिलान तथा सरुवा पदस्थापन गर्दाको क्रममा विद्यालय व्यवस्थापन समिति तथा विद्यालयको सहमति आवश्यक पर्ने छैन ।

६.७ दरबन्दी मिलान तथा सरुवा पदस्थापनको क्रममा सरुवा पदस्थापन गरि खटाएको शिक्षकलाई सम्बन्धित विद्यालयले अनिवार्य रुपमा शिक्षकको हकमा ३ (तीन) दिन भित्र र प्र.अ.को हकमा ७ दिन भित्र रमाना तथा हाजिर गराउनु पर्नेछ र हाजिर भएको जानकारी हाजिर भएको मिति देखि ७ (सात) दिन भित्र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा तथा सम्बन्धित निकायहरुमा जानकारी दिनु पर्नेछ ।

६.८ तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगर्ने प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र बालविकास शिक्षकलाई जुनसुकै बखत काजमा खटाउने र काजमा खटिए पछि जिम्मेवारीमा पनि हेरफेर गर्न सक्नेछ ।

६.९ दरबन्दी मिलान तथा सरुवा पदस्थापना भएको शिक्षक खटाएको विद्यालयमा हाजिर नभएको अवस्थामा त्यस्तो शिक्षकको तलब भत्ता तथा सेवा सुविधा रोक्का गरि निजलाई प्रचलित ऐन, नियम बमोजिम कार्वाही प्रक्रिया अगाडि बढाईनेछ ।

...ल

...प्रशासकीय अधिकृत

६.१० दरवन्दी मिलान तथा सरुवा/पदस्थापन भएका शिक्षकको रमाना पत्र शिक्षक किताव खानाले प्रकाशित गरेको रमानाको नमूना बमोजिम दिनु पर्नेछ ।

६.११ दरवन्दी मिलान तथा सरुवा/पदस्थापना गर्दा विद्यालय रहेको गाउँको स्थानिय अथवा सोही गाउँको शिक्षक कार्यरत रहेकोलाई नजिकको विद्यालयमा सो विद्यालयको आवश्यकत्ताको आधारमा सरुवा गरिनेछ ।

६.१२ कुनै शिक्षक अनिवार्य अवकाश हुन १ (एक) वर्ष वा सो भन्दा कम समय बाँकी रहेको शिक्षकलाई सरुवा गरिने छैन ।

## परिच्छेद :-५

## विविध

१. कार्यविधिको व्याख्या :- यस कार्यविधिमा उल्लेखित कुनै विषयमा दुविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

२. कार्यविधि संशोधन:-यस कार्यविधिका प्रावधानहरुमा आवश्यक संशोधनको लागि गाउँकार्यपालिकाले सुझाव सहित एक पटकको लागि शिक्षक दरवन्दी मिलान तथा सरुवा पदस्थापना कार्यविधि निर्माण समितिमा पठाउनु पर्नेछ नर गाउँकार्यपालिकाबाट पारित भईसकेपछि यो कार्यविधिलाई समय सापेक्ष तथा आवश्यकत्ताको आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

३ यो कार्यविधि दरवन्दी मिलान तथा सरुवा पदस्थपना गर्नको लागि मात्र लागु हुनेछ ।

४. बाधा अडकाउ फुकाउ :- स्थानिय सरकार सचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत